प्रदेश सरकार
सुदूरपश्चिम प्रदेश
# सामाजिक विकास मन्त्रालय
धनगढी, कैलाली, नेपाल

ईमेल: mosdkailali07@gmail.com
फोन नं.:०९१५२४५६३
०९१५२६५०४
फ्याक्स नं.०९१-५२७१६८

प.स.- ०७६/७७
च.नं.-

मितिः२०७६/१०/२८

## प्रदेश स्तरीय देउडा प्रतियोगिता२०७६ , को सूचना

सुदूरपश्चिम प्रदेश सामाजिक विकास मन्त्रालयद्वारा २०७६ साल फागुन १८ र १९ गते धनगढीको खुलामञ्चमा आयोजना हुने सुदूरपश्चिम प्रदेश स्तरीय देउडा प्रतियोगितामा देहाय अनुसारको मापदण्डका आधारमा सहभागिताका लागि निवेदन आह्वान गरिन्छ ।

१) देउडा एक समूह कम्तिमा १० जना र बढीमा १२ जनाको हुनुपर्नेछ साथै देउडा समूहमा सकेसम्म महिला र पुरुषको बराबरी सहभागिता हुनुपर्नेछ ।

२) प्रतियोगितामा सहभागी हुन चाहने समुहले २०७६ फागुन १० गते सम्म आफ्नो समूहको स्पष्ट परिचय र नामावली सहितको निवेदन सामाजिक विकास मन्त्रालय धनगढीमा दर्ता गराई , सक्नुपर्नेछ । निवेदनमा टोली प्रमुख र सहभागिहरुको समेत सम्पर्क मोबाइल नं स्पष्ट उल्लेख . हुनुपर्नेछ ।

३) प्रतियोगितामा प्रथम हुने समूहलाई रु. १,२५,०००। ( एक लाख पच्चीस हजार), द्वितीय हुनेलाइ रु. ९३,७५०(त्र्यानव्वे हजार सात सय पचास), तृतीय हुनेलाइ रु.६२,५०० (वैसठ्ठि हजार पाँच सय) र सान्तवना हुनेलाइ रु.३१,२५०( एकतिस हजार दुइ सय पचास) नगद पुरस्कार र प्रमाण पत्र प्रदान गरिनेछ ।पुरस्कार रकममा नियमानुसार कर काटिनेछ ।

४) देउडा समूहले प्रतियोगितामा सहभागी हुदा स्थानीय भेषभुषामा आउनुपर्नेछ ।

५) सहभागी प्रतियोगी समूहले आउने जाने यातायात(बस भाडा मात्र) को खर्च मन्त्रालयको निर्णयानुसार पाउने र खाना एवम् बासको खर्च स्वयम् आफैंले व्यहोर्नुपर्नेछ ।

६) २० वटा भन्दा बढी समूहको आवेदन दर्ता हुन गएमा जिल्लागत गोला प्रथाद्वारा जिल्लागत प्रतिनिधित्व कायम हुने गरि १८ वटा समूहलाई छनौट गरिनेछ ।

**थप जानकारीका लागि यस मन्त्रालयको वेवसाइटःmosd.p7.gov.np हेर्न सकिने छ ।**

**उप सचिवःश्री पदमराज जोशी ९८४८७८८१८४ शाखा अधिकृतःधर्मराज जोशी ९८४९१४६३६४**

पदमराज जोशी
उप सचिव
**उप-सचिव**

# प्रदेश स्तरीय देउडा प्रतियोगिता, २०७६

सुदूरपश्चिम प्रदेश सामाजिक विकास मन्त्रालयद्वारा २०७६ साल फागुन १८ र १९ गते धनगढीको खुलामञ्चमा आयोजना हुने सुदूरपश्चिम प्रदेश स्तरीय देउडा प्रतियोगितामा देहाय अनुसारको मापदण्डका आधारमा सहभागिताका लागि निवेदन आह्वान गरिन्छ ।

१) देउडा एक समूह कम्तिमा १० जना र बढीमा १२ जनाको हुनुपर्नेछ साथै देउडा समूहमा सकेसम्म महिला र पुरुषको बराबरी सहभागिता हुनुपर्नेछ ।

२) प्रतियोगितामा सहभागी हुन चाहने समुहले २०७६ फागुन १० गते सम्म आफ्नो समूहको स्पष्ट परिचय र नामावली सहितको निवेदन सामाजिक विकास मन्त्रालय, धनगढीमा दर्ता गराई सक्नुपर्नेछ । निवेदनमा टोली प्रमुख र सहभागिहरुको समेत सम्पर्क मोबाइल नं. स्पष्ट उल्लेख हुनुपर्नेछ ।

३) देउडा समूहले प्रतियोगितामा सहभागी हुदा स्थानीय भेषभुषामा आउनुपर्नेछ ।

४) सहभागी प्रतियोगी समूहले आउने जाने यातायात(बस भाडा मात्र) को खर्च मन्त्रालयको निर्णानुसार पाउने र खाना एवम् बासको खर्च स्वयम् आफैंले व्यहोर्नुपर्नेछ ।

५) २० वटा भन्दा बढी समूहको आवेदन दर्ता हुन गएमा जिल्लागत गोला प्रथाद्वारा जिल्लागत प्रतिनिधित्व कायम हुने गरि १८ वटा समूहलाई छनौट गरिनेछ ।

६) प्रतियोगितामा प्रथम हुने समूहलाई रु. १,२५,०००। ( एक लाख पच्चीस हजार), द्वितीय हुनेलाइ रु. ९३,७५०(त्र्यानव्वे हजार सात सय पचास), तृतीय हुनेलाइ रु.६२,५०० (वैसठ्ठि हजार पाँच सय) र सान्तवना हुनेलाइ रु.३१,२५०( एकतिस हजार दुइ सय पचास) नगद पुरस्कार र प्रमाण पत्र प्रदान गरिनेछ ।पुरस्कार रकममा नियमानुसार कर काटिनेछ ।

७) देउडा प्रतियोगितामा प्रतियोगी समूहको मूल्यांकन गर्न तीन जनाको मूल्यांकन समिति गठन गरिनेछ । उक्त मूल्यांकन समितिले दिएको निर्णय अन्तिम हुनेछ । मूल्यांकन समितिले निर्णय सावर्जनिक गरिसकेपछि घोषणा भैसकेकको निर्णयमा कुनै प्रश्न उठाउन पाइने छैन ।

८) आवेदन प्राप्त देउडा समूहलाई प्रतियोगितामा सहभागिताका लागि फोनद्वारा जानकारी गराइनेछ । सहभागी समूहले आवेदनमा उल्लेख गरिदिएको मोबाइल नं. गलत भएर सम्पर्क हुन नसकेमा मन्त्रालय जवाफदेही हुने छैन ।

९) सहभागी हुन आउने समूहले तोकिएको समयमा आएर मन्त्रालयमा सम्पर्क राख्नुपर्ने छ । अन्यथा मन्त्रालय जवाफदेही हुने छैन ।

१०) सहभागि मध्ये कसैले मदिरा सेवन गरेर आएको पाइएमा समूहलाई प्रतियोगितामा सहभागी गराइने छैन ।

११) मूल्यांकनको विषयवस्तुका आधारहरु, दिइने अंक र प्रतियोगिताको प्रक्रिया प्रतियोगिता शुरु हुनुभन्दा अगाडि जानकारी गराइनेछ ।

१२) निवेदनमा टोली प्रमुख र सहभागिहरुको समेत सम्पर्क मोबाइल नं. स्पष्ट उल्लेख भएको विवरण यस मन्त्रालयको इमेलः **mosdkailali07@gmail.com** मा पठाउन सकिनेछ ।

उप-सचिव